# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग २, संख्या ४, मिति २०८१ कार्तिक २ गते

**भाग-२**

## तिनाउ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय, दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# आवासीय छात्रावास सञ्चालन कार्यविधि, २०८१

### प्रस्तावना

नेपालको संविधान (२०७२) ले शिक्षालाई प्रत्येक नागरिकको मौलिक अधिकारको रुपमा स्थापित गर्नुका साथै अनुसूची ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को ११ (ज) मा निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्य स्थानीय तहले सम्पादन गर्न सक्ने उल्लेख भएको सन्दर्भमा यस गाउँपालिकाले विद्यालय तहको शिक्षामा समन्यायिक पहुँच र समता कायम गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रयोजनार्थ आवासीय रुपमा छात्रावासमा अध्ययन गर्ने अवसरको सुनिश्चितता गर्नका लागि सघीय, प्रादेशिक र स्थानीय सरकारको अनुदान, सेवामूलक सङ्घसंस्था र व्यक्तिहरुवाट समेत स्रोत जुटाई आवासीय छात्रवास सञ्चालन गर्न, छात्रवासमा विद्यार्थी छनौटका आधारहरुलाई पारदर्शी बनाई अध्ययनरत बालबालिकाको सुरक्षा, संरक्षण, सहभागिता एवम् विकासलाई दृष्टिगत गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गराउन गाउँ कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद एक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम "आवसीय छात्रावास सञ्चालन कार्यविधि २०८१" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि तिनाउ गाउँपालिका भित्रका तोकिएका विद्यालयमा मात्र लागू हुनेछ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) गाउँपालिका" भन्नाले तिनाउ गाउँपालिकालाई जनाउनेछ ।

ख) "प्रमुख" भन्नाले गाउँपालिका अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्तिलाई बुझाउनेछ ।

ग) "विद्यालय" भन्नाले स्थानीय तहवाट सञ्चालन भएको वा स्थानीय तहवाट स्वीकृती प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले कार्यविधि प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका गाउँपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई समेत जनाउँनेछ ।

घ) "छात्रवृत्ति" भन्नाले यस कार्यविधिले तोकेका आधारमा छनौट भएका विद्यार्थीहरुले सशुल्क तथा निःशुल्क अध्ययन गर्नका लागि उपलव्ध गराइएको सुविधालाई जनाउनेछ ।

ङ) "छात्रावास" भन्नाले तोकिएका विद्यालयमा छनौट भइ अध्ययनरत विद्यार्थीहरूका लागि प्रदान गरिने, भोजन, शैक्षिक सामग्री, पठनपाठन व्यवस्था, सुरक्षा, संरक्षण तथा मनोरञ्जन, परामर्श लगायतका सेवासहितको आवास सुविधालाई जनाउनेछ ।

च) "छात्रावास व्यवस्थापन समिति" भन्नाले तोकिएको विद्यालयमा छात्रावास सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गठित समितिलाई बुझिनेछ ।

छ) "तोकिएको विद्यालय" भन्नाले गाउँ सभाले निर्णय गरी आवसीय छात्रावृत्ति सञ्चालन गर्न छनौट भएको विद्यालयलाई बुझिनेछ ।

ज) "समिति" समिति भन्नाले छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई जनाउनेछ ।

## परिच्छेद दुई

२.  आवासीय छात्रावासको अवधारणा, उद्देश्य र नीति

२.१  अवधारणा

विद्यालय तहको शिक्षामा समन्यायिक पहुँच र समता कायम गरी गुणस्तरीय शिक्षा प्रदान गर्न, लक्षित विद्यार्थीहरुलाई आवासीय छात्रवृत्ति प्रयोजनको लागि तिना गाउँपालिकाको निर्णय बमोजिम तोकिएका विद्यालयहरुमा आवासीय छात्रवास सञ्चालन गर्ने, सघींय, प्रादेशिक र स्थानीय सरकारको अनुदान, सेवामूलक सङ्घसंस्था र व्यक्तिहरुवाट समेत स्रोत जुटाई, जेहेन्दार, विपन्न, अपाङ्ग महिला, दलित, जनजाति, कक्षा कटौतीबाट प्रभावित र प्राविधिक शिक्षा अध्ययन गरीरहेका विद्यार्थीहरुलाई आवसीय रुपमा छात्रावासमा अध्ययन गर्ने अवसरको सुनिश्चितता गर्दै ती विद्यालयहरुलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा स्थापित गर्ने ।

२.२  उद्देश्य

१)  गाउँपालिका भित्रका तोकिएका माध्यमिक विद्यालयमा आवसीय छात्रावास सञ्चालन गर्ने,

२)  तोकिएका विद्यार्थीहरुलाई आवसीय छात्रावासमा राखी अध्ययनमा प्रोत्साहित गर्ने,

३)  लक्षित बर्गका विद्यार्थीहरुले नि शुल्क आवसीय छात्रवृत्ति पाउने  व्यवस्था मिलाउने ,

२.३  नीति

क) आवासीय विद्यालय सञ्चालन गर्न गाउँ सभाको निर्णयबमोजिम विद्यालय समायोजन,शिक्षक दरबन्दी मिलान र विद्यालयको कक्षा कटौतीबाट प्रभावित भएका विद्यार्थीहरुलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा उपलब्ध गराउन आवसीय रुपमा छात्रावासमा अध्ययन गर्ने अवसरको सुनिश्चितता गरिनेछ ।

## परिच्छेद ३

३.१ छात्रावास सञ्चालन तथा व्यवस्थापन समिति

१) छात्रावास सञ्चालन तथा व्यवस्थापनको लागि देहायबमोजिमको छात्रावास व्यवस्थापन समिति हुनेछ :

क) सम्बन्धित वडाको वडाध्यक्ष — अध्यक्ष

ख) छात्रावास रहेको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष — सदस्य

ग) शिक्षाप्रेमीहरु मध्येवाट गाउँ प्रमुखबाट मनोनित एक जना — सदस्य

घ) शिक्षा समितिले तोकेको व्यक्ति — सदस्य

ङ) छात्रावास वार्डेन — सदस्य

च) सम्बन्धित विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष — सदस्य

छ) विद्यालयका प्रधानाध्यापक — सदस्य सचिव

२) समितिले आवश्यकतानुसार जिल्लाका अन्य स्थानीय तहका प्रमुख एवंम विज्ञहरुलाई समेत बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३) मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

४) अध्यक्षले आफ्नो अधिकार समितिका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

५) समिति तिनाउ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाप्रति उत्तरदायी हुनेछ ।

६) बैठक तथा अन्य व्यवस्थापकीय कार्यविधि समिति आफैले व्यवस्था गर्न सक्नेछ ।

७) आवश्यकतानुसार विभिन्न कार्यको कार्य प्रकृतिका आधारमा समितिले उप'समिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

३.२ छात्रवास सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

छात्रवास सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ः

१) छात्रावास सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति, योजना तर्जुमा र कार्यान्वयन गर्ने,

२) छात्रावास सञ्चालनको लागि स्रोत जुटाउन सरकारी तथा अन्य सघं÷संस्था, व्यक्तिसँग समन्वय गर्ने,

३) छात्रावासमा आवश्यक पर्ने भौतिक, मानवीय तथा अन्य स्रोत साधनको प्रबन्ध गर्ने,

४) कुनै संस्था, व्यक्तिले सेवामुखी अभिप्रायले (रु.एकलाख भन्दा बढिको) अक्षयकोष स्थापना गर्न चाहेमा अनुमति दिने,

५) छात्रावासमा अध्ययनरत विद्यार्थीहरुको छनौटका मापदण्डहरु र कोटा निर्धारण गर्ने,

६) छात्रावास सञ्चालन गर्ने संस्था तथा कर्मचारीको क्षमता अभिवृद्धिका निमित्त तालिम, गोष्ठी जस्ता कार्यको योजना बनाई कार्यान्वयन गर्ने,

७) छात्रावासमा बस्ने विद्यार्थीको अभिलेख तथा लेखा चुस्तदुरुस्त राख्ने, राख्न लगाउने,

८) खानाको गुणस्तर तथा आवासको परीक्षण गर्ने गराउने,

९) आर्थिक वर्ष व्यतित भएको ४५ दिन भित्र छात्रावास सञ्चालन तथा व्यवस्थापन गतिविधिको वार्षिक प्रतिवेदन विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिलाई बुझाउने,

१०) छात्रावासको विषयमा भएको बैठकमा एक जना छात्र र एक जना छात्रा सदस्य प्रतिनिधिको रुपमा सहभागी गराउने जसको चयन छात्रावासमा बस्ने विद्यार्थी मध्येबाट व्यवस्थापन समितिले गर्ने, यस्ता सदस्यको निर्णायक भोट हुनेछैन तर राय सुनुवाई गर्नु पर्नेछ साथै निजहरुको अवधि ३ वर्षको हुनेछ, छात्रावास छाडी गएमा वा विद्यालय छाडि गएमा स्वत सदस्य खारेज हुनेछ, बाँकी अवधिको लागि समितिले पुन चयन गर्नु पर्नेछ ।

११) विद्यालयको छात्रावासको व्यवस्थापन, रेखदेख र नियमन गर्ने ।

१२)छात्रावासका लागि छनौट भएका विधार्थीको विवरण स्वीकृतको लागि गाउँ शिक्षा समितिमा आवसिय विधार्थी छनौट समितिले पेश गर्नुपर्ने छ ।

१३)प्रत्येक बर्षको जेष्ठ १५ गते सम्ममा स्वीकृताका लागि बार्षिक कार्यक्रम बनाई गाउँ शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

## ३.३ छात्रावास सम्बन्धी विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१) छात्रावासको नियमित सञ्चालन गर्नका लागि भौतिक, शैक्षिक, मनोसामाजिक तथा अतिरिक्त क्रियाकलापको व्यवस्थापनमा छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई सहयोग गर्ने,

२) खानाको गुणस्तर तथा आवासको परीक्षण गर्ने गराउने,

३) विद्यार्थीहरुको गुनासो सुन्ने सोको आधारमा उपयुक्त ठहरिएका बुँदाको कार्यान्वयन गर्ने, सुनुवाइ गर्ने, छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने ।

४) आर्थिक वर्ष व्यतित भएको ४५ दिन भित्र छात्रवास सञ्चालन तथा व्यवस्थापन समितिको प्रतिवेदन ग्रहण गरी प्रभावकारीताको अध्ययन गरी आवश्यक व्यवस्था गरिदिने साथै छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने,

५) उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्न गाउँ शिक्षा, युवा तथा खेलकुद शाखालाई सिफारिस गर्ने ।

३.४ शिक्षा, युवा तथा खेलकुद शाखाको काम कर्तव्य र अधिकार

१) नियमित रुपमा छात्रावासको अनुगमन एवं निरीक्षण गर्ने र आवश्यक सुझाव दिने,

२) विभिन्न निकायले दिएको उचित निर्देशन, सहयोगको पालना भए नभएको हेर्ने,

३) प्रत्येक वर्ष छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिले पेश गरेको वार्षिक कार्यक्रम अध्ययन गरी अनुमोदनका लागी गाउँ शिक्षा समितिमा पेश गर्ने साथै अनुमोदन गरी स्वीकृतिका लागी गाउँ कार्यपालिकालाई सिफारीस गर्ने,

४) उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई पुरस्कारका लागी गाउँ शिक्षा समितिमा सिफारीस गर्ने ।

५) छात्राबास व्यवस्थापन तथा संचालन समितिबाट प्राप्त बार्षिक कार्यक्रम उपर राय सहित स्वीकृतको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

३.५ शिक्षा समितिको काम, कर्तव्य र अधिकार

१) छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन ग्रहण गरी कार्यान्वयन गर्ने,

२) छात्रावास सञ्चालनका लागि छात्रावास तथा व्यवस्थापन समितिले पेश गरेको वार्षिक कार्यक्रम अनुमोदन गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

३) छात्रावासको अनुगमन एवं निरीक्षण गरी छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने,

४) छात्रावास सञ्चालनका लागि आवश्यक श्रोत र साधनको व्यवस्थापनमा सहयोग गर्ने ।

३.६ गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार

१) छात्रावासको अनुगमन एवं निरीक्षण गर्ने साथै निर्देशन दिने,

२) गाउँ शिक्षा समितिबाट सिफरीस भई आएका छात्रावास सम्बन्धीका कार्यलाई स्वीकृत गर्ने वा स्वीकृतिका लागी गाउँ सभामा सिफारीस गर्ने,

३) छात्रावास सञ्चालनका लागि आवश्यक श्रोतको व्यवस्थापन गर्ने,

४)  शिक्षा, युवा तथा खेलकुद शाखाबाट छात्रावास संचालनको लागि प्राप्त बार्षिक कार्यक्रमलाई विश्लेषण गरि स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने ।

३.७  गाउँ सभाको काम, कर्तव्य र अधिकार

१)  छात्रा वासको अनुगमन एवं निरीक्षण गर्ने र देखिएका विषयमा आवश्यक निर्देशन दिने,

२) पेश भएको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

३)  छात्रावास सञ्चालनका लागी आवश्यक आर्थिक श्रोतको व्यवस्थापन गर्ने,

४) छात्रावास सञ्चालनका लागि आवश्यक कानुनी व्यवस्था गर्ने,

५) गाउँ कार्यपालिकाबाट सिफारिस भई आएको छात्राबास संचालन बार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

३.८  छात्रवास सञ्चालनार्थ स्रोत व्यवस्थापन

१)  छात्रवृत्ति सञ्चालनको लागि एक स्थायी कोष हुनेछ, जसमा देहायका शीर्षक अन्रतगतका रकम जम्मा गर्न सकिनेछ ः

क)  सघींय र प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख)  गाउँ पालिकावाट विनियोजित बजेट,

ग) गाउसभाले तोकेका अन्य कर, दस्तुर,

घ) सेवाभावले गैरसरकारी तथा अन्य सङ्घ संस्था बाट प्राप्त सहयोग,

ङ) समुदाय वा समुदायभन्दा बाहिरका व्यक्ति बाट अक्षय कोष, दान उपहार र सहयोग,

च) विद्यालयको आन्तरिक स्रोत,

छ) अभिभावक सहयोग शुल्क,

२)  छात्रावास सञ्चालन तथा व्यवस्थापन प्रयोजनका लागि प्राप्त रकम छुट्टै बैंक खातामा जम्मा गरिनेछ र सो रकम छात्रावास व्यवस्थापनका लागि मात्र खर्च गर्नुपर्ने छ ।

३)  अनुमति प्राप्त बैङ्कहरुमा तोकीएको व्यक्तिबाट खाता सञ्चालन गरीनेछ ।

४)  खाता सञ्चालन छात्रावास सञ्चालन समितिका सदस्य सचिव र विद्यालय कर्मचारी (लेखापाल) बाट हुनेछ ।

## परिच्छेद — ४

४. आवसीय विद्यार्थी छनौट समिति

१) आवसीय विद्यार्थी छनौट गर्दा देहायमा उल्लेखित एक समिति गठन गरीनेछ

(क) प्रधानाध्यापक — अध्यक्ष

(ख) गाउँ शिक्षा समिति बाट मनोनित दुईजना विज्ञ शिक्षक — सदस्य

(ग) छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिबाट आवसीय विद्यालयमा कार्यरत एकजना माध्यमिक स्थायी शिक्षक— सदस्य सचिव

२) विद्यार्थी छनौट समितिको काम, कर्तव्य र अधिकार देहायनुसार हुनेछ ः

(क) आवासीय विद्यार्थी संख्याको पहिचान गर्ने,

(ख) आवासीय विद्यार्थी भर्नाका लागि प्रत्येक वर्ष सशुल्क ५ जना र निशुल्क १० जना गरी १५ जनाको कोटा निर्धारण गरी २१ दिनको म्याद राखी सूचना प्रकाशन गर्ने,

(ग) विद्यार्थी छनौट गर्न वस्तुगत ४० प्रतिशत र विषयगत ६० प्रतिशत प्रश्न पत्र निर्माण गरी परिक्षा सञ्चालन गर्ने,

(घ) लिखित परिक्षाको परिणामसँगै अन्तर्वार्ताको लागि सूचना प्रकाशन गर्ने,

(ङ) अन्तर्वार्ता सञ्चालन गरी लिखित र मौखिकको परीक्षाको परिणामको आधारमा सूचना प्रकाशन गर्ने,

(च) यदी आवासिय छात्रावासमा रहि अध्ययनरत विद्यार्थीले छात्रावास छाडेमा वा यस विद्यालयमा अध्ययन गर्न छाडेमा त्यस्तो कोटामा जुन कक्षाको कोटा खाली भएकोहो सोहि कक्षामा सोहि वर्गको विद्यार्थी शैक्षीक सत्रको सुरुमा तोकीएको छनौट प्रकृया पुरा गरेर राख्न सकीनेछ ।

३) मनोनित सदस्यको कार्य अवधि ३ वर्षको हुनेछ,

४)आवश्यक भएमा अन्य विज्ञ शिक्षक आवासीय विद्यार्थी छनौट समितिका अध्यक्षले मनोनित गर्न सक्नेछन् यस्ता विज्ञको पदावधी बढीमा एक परीक्षण कालका लागि मात्र हुनेछ ।

५) विद्यार्थी छनौटका आधारहरु र छात्रवास सञ्चालनका न्यूनतम मापदण्डहरु१

१) विद्यार्थी छनौटका आधारहरू ः

(क) छात्रावासमा रहने विद्यार्थी कोटा छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समतिले निर्धारण गरे अनुसार हुनेछ ।

(ख) विद्यार्थीहरुको छनौटको प्रक्रिया अनुसूची १ बमोजिमको कार्ययोजना तथा आधारहरुमा रही अनुसूची २ बमोजिम गरिनेछ ।

२) छात्रवास सञ्चालनका लागि न्यूनतम आधार एवम् मापदण्डहरु अनुसूची ३ बमोजिम हुनेछ ।

## परिच्छेद ५

कर्मचारी व्यवस्थापन

(१) छात्रावास दैनिक संचालन गर्न देहायनुसारका कर्मचारीको व्यवस्थापन गरीनेछ :—

१. छात्रावास वार्डेन

(क) विद्यालयमा कार्यरत वा खुला विज्ञापनबाट प्रतिस्पर्धा गराई १/१ जना महिला र पुरुषलाई विद्यालय व्यवस्थापन समितिको सिफारीसमा छात्रावास सन्चालन तथा व्यवस्थापन समितिले छात्रावास वार्डेनको व्यवस्था गर्नेछ ।

(ख) छात्रावास वार्डेन लाई गाउँ कार्यपालिकाले तोकेनुसार पारिश्रमिक (चाडपर्व खर्च र नेपाल सरकारले तोकेनुसारको पोसाक भत्ता समेत) उपलब्ध गराइनेछ ।

(ग) छात्रावास वार्डेनको काम कर्तव्य र अधिकार

– छात्रावासको रेखदेख गर्ने,

– छात्रावासमा आवासिय विद्यार्थीको रेखदेख, हेरचाह र निर्देशन गर्ने,

– छात्रावासमा आवासिय विद्यार्थीको स्वस्थको हेरचाह गर्ने, प्राथमिक उपचार गर्ने र जटिल अवस्थाको विमारी परेमा निजको अभिभावकलाई जानकारी गराउने वा बुझाउने,

– छात्राबासको भान्साको अनुगमन तथा निरिक्षण गर्ने, आवश्यकता अनुसार निर्देशन दिने साथै समितिमा प्रतिवेदन पेश गर्ने

२. भान्से र कार्यालय सहयोगी

क) छात्रावासमा आवासिय रुपमा बस्ने विद्यार्थीको भान्साको व्यवस्थापन, रेखदेख , सरसफाई र सुरक्षाको लागि गाउँ कार्यपालिकाले तोके बमोजिम पारिश्रमिक (चाडपर्व खर्च र नेपाल सरकारले तोकेनुसारको पोसाक भत्ता समेत ) उपलब्ध गराउने गरि भान्से र कार्यालय सहयोगी करारमा राखिने छ । जसले छात्रावासको रेखदेख, सरसफाई र सुरक्षा गर्नुपर्ने छ ।

३.अतिरिक्त कक्षा संचालन : विद्यालयमा विषयगत रुपमा अतिरिक्त कक्षा संचालन गरेबापत प्रति कक्षा ( प्रति पिरीयड ) का दरले गाउँकार्यपालिकाले तोकेबमोजिम पारीश्रमिक उपलब्ध गराइनेछ । छात्रावास संचालन समितिले यसको अभिलेख राखी वि.व्य.स. बाट प्रमाणित गराई गाउँपालिकामा माग पेश गरीसकेपछि एकमुष्ठ रुपमा विद्यालयलाई निकासा दिइनेछ ।

## परिच्छेद ६

५. विविध

१) आवासीय विद्यार्थीले देहायनुसारको सुविधा पाउनेछन् ः

(क) दैनिक खाना र खाजा (विहाना ७ः०० बजे चियाका साथमा नास्ता, ९ बजे खाना, १.३० बजे चियाका साथमा खाजा र बेलुका खाना ।)

(ख) वेड विस्तारा, बस्ने कोठा ।

(ग) दैनिक उपभोग्य सामग्री सावुन, टावयल, दाँतमाझने ब्रस ।

(घ) बिरामी भएमा सामान्य उपचार तर दिर्घकालिन रोग र ठूला रोग लागेमा उपचार गर्न विद्यालय वाध्य हुनेछैन, त्यस्तो अवस्थामा सम्बन्धित अभिभावकलाई विद्यालयले विद्यार्थी जिम्मा लगाउन सक्नेछ ।

(२) आवसीय सुविधा प्राप्त गर्ने विद्यार्थीहरुले गाउँपालिकाले तोकेको विद्यालयमा नै अध्ययन गर्नुपर्नेछ । विद्यालयले यस्ता विद्यार्थीहरुसँग अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको लागि अतिरिक्त कुनै पनि किसिमको शुल्क लिन पाउने छैन । तर विद्यार्थीका अभिभावकहरुले स्वेच्छिक सहयोग गर्न भने बाधा पर्ने छैन।

(३) आवासीय छात्रवृत्तिका लागी गाउँपालिकाले तोकिएका विद्यार्थी बाहेक अन्यको हकमा ५० प्रतिशत सशुल्क विद्यार्थी भर्ना गरीनेछ, यस्ता विद्यार्थीको शुल्क छात्रावास व्यवस्थापन समितिले तोकेनुसार हुनेछ

(४) छात्रवासमा विद्यार्थी तथा कर्मचारीले पालना गर्नुपर्ने अन्य आचारसंहिता तयार गरी देखिने गरी राख्नुपर्नेछ । उक्त आचारसंहिता विद्यालयको व्यवस्थापन समितिको समन्वयमा छात्रावास सञ्चालन समितिले निर्धारण गरे अनुसार हुनेछ ।

(५) आवाशिय छात्रावासमा कक्षा ६ मा प्रवेस गरेका विद्यार्थीले कक्षा १२ सम्म अध्ययन गर्न पाउने छन ।

(६) आवाशिय छात्रावासको खर्च छात्रावास समितिको निर्णयनुसार समितिल गरिनेछ ।

(७) छात्रवासको सुविधा प्राप्त गर्ने विद्यार्थी देहायको अवस्थामा बाहेक एकपटक छनौट भएपछि सम्बन्धित तहको शिक्षा पाउने अवधिसम्म निरन्तरता पाउनेछन् । तर आवसीय विद्यार्थी देहायको अवस्थामा छात्रावासबाट हटाइनेछ,

(क) विना जानकारी ३० दिनभन्दा बढि अनुपस्थित भएमा,

(ख) कक्षा उत्तीण गर्न नसकेमा वा न्यूनतम ग्रेड डि प्लस प्राप्त गर्न नसकेमा,

(ग) आवास र विद्यालयको आचारसंहिता पालना नगरेमा वा अनुशासनहिन कार्य गरेमा,

(घ) कानुनले तोकेभन्दा कम उमेरमा विवाह गरेमा,

(ङ) छात्रवृत्ति प्राप्त गर्ने प्रयोजनको लागि गलत वा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा

(च) छात्रावासलाई हानी नोक्सानी पुर्याउने कुनै किसिमको अवान्छनीय कार्य गरेमा

(९) यो कार्यविधि आवाश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

(१०) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालय समायोजन भै कक्षा कटौतीबाट प्रभावित विद्यार्थीहरुको हकमा गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) खारेजी र बचाउ हालसम्म छात्रावास व्यवस्थापन सम्बन्धमा भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची १

छात्रावासमा विद्यार्थी छनौट, सञ्चालन तथा व्यवस्थापनको कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | विधि | समयावधि | प्रमुख जिम्मेवारी |
|---|---|---|---|---|
| १ | छात्रावास सञ्चालन तथा व्यवस्थापन समतिको बैठक | सदस्य सचिवले अध्यक्षको सल्लाहमा आमन्त्रण गर्ने | शैक्षिक सत्र सुरु हुनुभन्दा १ महिना अगावै | छात्रावास सञ्चालन तथा व्यवस्थापन समिति प्र.अ |
| २ | छात्रावासको कोटा निर्धारण, वर्गीकरण र सूचना प्रकाशन | समितिको निर्णयानुसार विद्यालयले सार्वजनिक सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्ने, जिल्ला भित्रका सबै पालिका र वडा कार्यालयहरुलाई जानकारी गराउने र गाउँपालिकाको वेभ साइड मार्फत पनि सार्वजानिक गर्ने | शैक्षिक सत्र सुरु हुनुभन्दा १५ दिन अगाडी । | गाउँपालिका÷ विद्यालय छात्रावास व्यवस्थापन समिति प्र.अ |
| ३ | छात्रवासको लागि प्राप्त निवेदनहरुको अन्तिम छनौट र सार्वजानिक गर्ने | अनुसूची २ का आधारमा छनौट गरी विद्यालयमा सार्वजानिक सूचना प्रकाशन गर्नकासाथै छनौट भएका विद्यार्थीहरुलाई जानकारी गराउने । विद्यार्थी छनौट गर्दा दश प्रतिशत विद्यार्थीलाई वैकल्पिक सूचीमा राख्ने, प्राथमिकता क्रमको विद्यार्थी भर्ना हुन नआएमा त्यस्ता विद्यार्थीहरुलाई भर्ना गर्दै जाने । | शैक्षिक सत्र सुरु भएको दोश्रोहप्ता | विद्यालय छात्रावास व्यवस्थापन समिति प्र.अ |
| ४ | अनुगमन र मूल्याङ्कन | कार्यविधिको आधारमा छात्रावास व्यवस्थापन तथा सञ्चालन समिति, विद्यालय व्यवस्थापन समिति, गाउँ | निरन्तर | गाउँ छात्रावास व्यवस्थापन समिति र |

| क्र.सं. | क्रियाकलाप | विधि | समयावधि | प्रमुख जिम्मेवारी |
|---|---|---|---|---|
| | | शिक्षा शाखा र गाउँ कार्यपालिकाको कार्यालय | | विद्यालय व्यवस्थापन समिति |
| ५ | प्रतिबेदन पठाउने | छात्रावास सुविधा प्राप्त गर्ने विद्यार्थीहरुको विवरण खुल्ने गरी प्रतिबेदन शिक्षा शाखा पठाउने | नियमित शिक्षा शाखामा र आर्थिक वर्ष शुरु भएको ४५ दिन भित्र छात्रावास व्यवस्थापन तथा सञ्चालन समितिमा | विद्यालय व्यवस्थापन समिति (प्रधानाध्यापक) |
| ६ | गुनासो सुनुवाई र किनारा | आवासीय छात्रवासका लागि विद्यार्थी छनौटको परिणाममा चित्त नबुझेमा परिणाम घोषण भएको मितिले ७ दिन भित्र लिखित गुनासो राख्न सक्नेछन् त्यस्ता विद्यार्थीको उत्तरपुस्तिकाको पुनर्याेग निवेदनको मितिले १५ दिन भित्रमा निजको रोवरमा समितिले गर्नु पर्नेछ । | परिणाम घोषण भएको १५ दिन भित्र | आवसीय विद्यार्थी छनौट समिति |
| ७ | छात्रावास सुविधा पाउने विद्यार्थीको नतिजा सच्चाउने र भर्ना सूचना सहित विद्यार्थीहरुको नामावली | आवसीय छात्रावास छनौट समितिको निर्णयानुसार | निवेदन प्राप्त भएको १५ दिनभित्र अन्तिम नामावली टुंगो लगाई भर्नाको सूचना प्रकाशन गर्ने | छात्रवास व्यवस्थापन समितिको निर्णयका आधारमा प्रधानध्यापकले |

| क्र.सं. | क्रियाकलाप | विधि | समयावधि | प्रमुख जिम्मेवारी |
|---|---|---|---|---|
| | प्रकाशन | | | |
| ८ | निर्णय अनुमोदन | आवसीय छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण गाउँ शिक्षा समितिवाट अनुमोदन गर्नुपर्ने छ । | विद्यार्थी भर्ना गर्ने एक हप्ता अघि | प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समिति |
| ९ | विद्यार्थी भर्ना | विद्यालय व्यवस्थापन समितिको बैठक बसाई प्रधानाध्यापकले आवास सञ्चालको तयारी एकिन गरी अनुसूची ३ का न्यूनतम अवस्थालाई मध्यनजर गरेर मात्र विद्यार्थी भर्ना सुरु गर्ने । | छनौट समितिले सूचना प्रकासन गरेको ७ दिन भित्र र बैकल्पिकको हकमा अर्को ७ दिन भित्र | विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक |

## अनुसूची २

छात्रावासमा  विद्यार्थी छनौटका आधारहरू

छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरेको जम्मा कोटालाई सतप्रतिशत मानि देहायबमोजिम संख्या विभाजन गरिनेछ ।

| **छनौटको आधार (विद्यार्थी अध्ययनर विद्यालय)** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|
| तिनाउ गाउँपालिका भित्र अध्ययनरत विद्यार्थी | ६० | ६० प्रतिशतलाई सतप्रतिशत मानि ५० प्रतिशत साधारणकोटा, १० प्रतिशत दलित, १० प्रतिशत विपन्न, १० प्रतिशत शहिद र दन्दपिडितका परिवार र १० प्रतिशत अपाङग जस्ता लक्षित बर्गका लागि हुनेछ । यदी कुनै लछित वर्ग परिक्षामा सामेल नभएमा त्यो कोटा साधारण कोटामा समावेस गरीनेछ । |
| जिल्ला भित्रका अन्य स्थानिय तहका विद्यार्थी | ४० | |
| सशुल्क विद्यार्थी | | माथी उल्लेखित निशुल्क छात्रवृत्ती प्राप्त गर्ने विद्यार्थीको अलवा ५० प्रतिशत विद्यार्थी सशुल्कमा भर्ना गरिने छ । यस्ता विद्यार्थीलाई एकमुष्ठ मूल्याङकन गरिनेछ । |

क)  तोकिएको कोटाको आधारमा जिल्ला बाहिर तथा जिल्लाभित्रका विद्यार्थीहरु अपुग भए उक्त कोटा गाउँपालिका क्षेत्रभित्रकै विद्यार्थीहरुको कोटामा कायम गरिनेछ ।

ख)  कुनै कारणले शैक्षिक सत्रको विचमा वा सुरुमा कोटा खाली भएमा सोहि समूहको बैकल्पिक÷इच्छुक विद्यार्थीहरुलाई सुविधा उपलब्ध गराइनेछ ।

ग)  गाउँपालिका भित्रको संरक्षित कोटामा सुविधा लिन सोहि समूहमा पर्ने भनी नेपाल सरकारले सूचिकृत गरेको वा तोकेको आधारमा गरिनेछ ।

घ)  सशुल्कमा अध्ययन गर्ने विद्यार्थीको मासिक छात्रावास शुल्क छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिले तोके अनुसार हुनेछ ।

## अनुसूची ३

छात्रावास सञ्चालनका लागि न्यूनतम आधारहरु

| मापदण्ड | न्यूनतम अवस्था |
|---|---|
| छात्रावासको व्यवस्थापन | विद्यालय हाताभित्र बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री भवन, परिसरमा घेराबार, छात्र र छात्राको लागि छुट्टाछुट्टै व्यवस्थापन, शौचालय इन्सिनेटर सहितको, सफा सुग्घर भान्सा कोठा र भोजन कक्ष, दैनिक न्यूनतम २२२० क्यालोरी पर्ने गरी खानाखाजा, लोडसेडिङको समयमा वैकल्पिक व्यवस्था, खेलकुद अतिरिक्त क्रियाकलाप र मनोरन्जनको व्यवस्था हुनेछ, |
| बसाइ व्यवस्थापन र सुरक्षा | कोठाभित्र टेबुल, कुर्सी, ¥याक, दराज, विद्यार्थीका लागि छुट्टै एउटा पलङ, सरसफाई भएका विस्ताराहरु, प्राकृतिक प्रकोप तथा मानवीय सङ्कटबाट सुरक्षाका लागि पूर्व तयारी, सूचना संयन्त्र, पुस्तकालय र स्वास्थ्य परीक्षणको व्यवस्था, |
| आचारसंहिता | शारीरिक तथा मानसिक भावनात्मक हिंसा तथा दुव्र्यवहारबाट संरक्षण, बालबालिकाविरुद् हुने भेदभाव बाट संरक्षण, धु्रमपान तथा लागुपदार्थ सेवनबाट संरक्षण तथा त्यसको बेचबिखनमा रोक, इन्टरनेट अनलाइनबाट हुनसक्ने दुव्र्यवहारबाट सचेत गराउने, |
| कर्मचारी | वार्डेन, भान्से, छात्रावास सहयोगी । |

## अनुसूची ४

### (छात्रावास सुविधाको लागि विद्यार्थीले दिने निवेदनको ढाँचा)

मिति : ... ...

...

श्रीमान् प्रधानाध्यापक ज्यू,

श्री ..................... माध्यमिक .विद्यालय, तिनाउ गाउँपालिका, पाल्पा

विषय : आवासीय छात्रावास सुविधा सम्वन्धमा ।

शशुल्क / निशुल्क

महोदय,

प्रस्तुत विषयमा श्री ......... माध्यामिक विद्यालयबाट प्रदान गरिने छात्रावास सुविधाका लागि देहायका विवरण राखी निवेदन पेश गरेको छु ।

(१) निवेदकको नाम थरः

( २) विद्यार्थीको हालको बसोवास गर्दै आएको ठेगाना : क) प्रदेश ख) जिल्ला

ग) नगरपालिका / गाउँपालिका घ) वडा नं

( ३) अभिभावकको नाम थर

क) बावुको नाम थर ख) पेशा

ग) आमाको नाम थर घ) पेशा

( ४) अभिभावकको योग्यता

क) वावु ख) आमा

(५ ) अभिभावको सम्पर्क नं

( ६) छात्रवृत्तिको लागि आवेदन दिने कक्षा

( ७) अघिल्लो कक्षाको नतिजा प्राप्तांक

( ८) एकाघरको संगोलको परिवारका सदस्यको कुनै नोकरी भए÷नभएको

( ९) गरिवीको परिचयपत्र भए / नभएको

(१० )घरपरिवारको नाममा रहेको जग्गाको विवरण

( ११) आफुले निवेदन दिन चाहेको समूह

क) जेहेन्दार  ख) विपन्न  ग) महिला  घ) दलित  ङ) अपाङ्ग  च) अन्य ...........

( १२) माथी लेखिएका व्यहोरा ठिम छन झुट्टा ठहरीए कानुन अनुसार सहँुला बुझाउँला साथै यसमा म निजको अभिभावक बुवा / आमा /................को मञ्जुरीनामा / सहमति छ ।

नाम :

हस्ताक्षर :

ठेगाना :

माथि उल्लेखित विवरणहरु ठिक छन् । झुट्टा ठहरीएका कानुन अनुसार हुन मन्जुरीछु ।

अभिभावकको नामः

हस्ताक्षर :

निवेदकको नाम थर '

हस्ताक्षर :

## अनुसूची ५

विद्यार्थी छनौट मापनको अंक विभाजन

| क्र.सं. | आधार | अंक | थप पुष्ट्याइ |
|---|---|---|---|
| १. | लिखित परीक्षा | ५० | विषय विज्ञको उपस्थितिमा तोकिएको अंकमा प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गरिनेछ । |
| २. | अभिभावक / विद्यार्थीसँगको अन्तर्वार्ता | १० | परिक्षा समितिका पदाधिकारीको औसत अंक |
| ३. | शैक्षीक लब्धाङ्क पत्र | १० | अघिल्लो तहमा विशिष्ट श्रेणी / जिपिए ३.६ देखि ४.० सम्मको नतिजामा १०, प्रथम श्रेणी / जिपिए ३.२ देखि ३.५ सम्मको ९, द्धितीय श्रेणी / जिपिए २.८ देखि ३.१ सम्मकोमा ८ तथा त्यस भन्दा कमको नतिजा लाई कुनै अंक दिइने छैन । |
| ४. | विपन्न | ३० | गरीव परिचय पत्र प्राप्त परिवारलाई विपन्न वर्ग अन्तर्गत राखिनेछ । यस महलको लागि बसोवास गरेको सम्वन्धित वडाको सिफारीस अनिवार्य हुनेछ । यदि झुट्टा व्यहोरा प्रमाणित भएमा निजलाई वार्डेनको सिफारिसमा समितिले प्रचलित कानुन बमोजिम कार्वाही/ सिफारिस गरि छात्रावासबाट हटाउने छ । |
| | जम्मा | १०० | |

.

प्रमाणित मिति २०८१।०२।०५

आज्ञाले
लेखबहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत